# प्रदेश लोक सेवा आयोग

गण्डकी प्रदेश, पोखरा

## प्रदेश निजामती सेवा अन्तर्गत कृषि सेवाका नवौं तहका प्राविधिक पदको

## आन्तरिक प्रतियोगितात्मक (आ.प्र.) लिखित परीक्षाको विज्ञापन

**सूचना नं. ६४/२०७९/८०** **प्रकाशन मितिः-२०७९।०५।०८**

कर्मचारी समायोजन ऐन, २०७५ को दफा १२ को व्यवस्था अनुसार प्रदेश सरकार अन्तर्गत रिक्त भएका कृषि सेवा नवौं तहका पदहरूको आन्तरिक प्रतियोगितात्मक (आ.प्र.) परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकाले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले आयोगको अनलाइन दरखास्त प्रणाली http://onlineppsc.gandaki.gov.np बाट अनलाइन दरखास्त दिनुपर्नेछ। प्रतियोगितात्मक परीक्षाबाट छनौट भएका उम्मेदवारहरूको प्राथमिकताक्रम अनुसार नियुक्तिको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश, पोखरामा सिफारिस गरिनेछ।

| सि.नं. | विज्ञापन नं. | विज्ञापन किसिम | पद, सेवा, समूह, उपसमूह, | पद संख्या | लिखित परीक्षा कार्यक्रम | |
|---|---|---|---|---|---|---|
| | | | | | प्रथम पत्र | द्वितीय पत्र |
| | | | | | समय विहान ८ बजे | |
| १ | १४४/२०७९-८० | आ.प्र. | वरिष्ठ कृषि प्रसार अधिकृत, कृषि, कृषि प्रसार, | १ | २०७९/०९/१ | २०७९/०९/०२ |

**परीक्षाको किसिमः-** लिखित परीक्षा र अन्तरवार्ता

**परीक्षा केन्द्रः-** पोखरा

**दरखास्तको माध्यमः-** विज्ञापित सबै पदहरुमा अनलाइन दरखास्त प्रणाली मार्फत दरखास्त बुझाउनु पर्नेछ। आयोगको अनलाइन दरखास्त प्रणाली https://onlineppsc.gandaki.gov.np/ मार्फत दरखास्त पेश गर्न सकिनेछ र दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण आयोगको वेबसाइटमा हेर्न सकिनेछ।

**दरखास्त दस्तुरः-** **नवौं तहका लागि** दरखास्त दस्तुर रु.१२०० (एक हजार दुई रुपैया) बुझाउनु पर्नेछ। समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारले थप समूहको प्रत्येकको लागि ५००।- (पाँच सय) का दरले परीक्षा दस्तुर बुझाउनु पर्नेछ।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थानः-** आयोगको अनलाइन दरखास्त प्रणालीबाट फारम submit गरिसकेपछि My Application ➔ All Application मा Click गर्ने त्यसपछि आफूले Apply गरेको विज्ञापनको Pay Button मा Click गर्ने, बैंक Option मा राष्ट्रिय बाणिज्य बैंक/नेपाल बैंक Select गर्ने र Online Payment वा Offline Payment मध्ये एक Option छनौट गरी भुक्तानी गर्ने।

**Online Payment (Connect IPS) बाट दरखास्त दस्तुर भुक्तानी गर्नः** Online Payment Select गरी Next मा click गर्ने त्यसपछि Connect Ips Login गरी रकम भुक्तानी गर्न सकिनेछ।

प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश

**<u>बैंक भौचरबाट दरखास्त दस्तुर भुक्तानी गर्न:</u>** Offline Payment, Select गर्ने Next मा Click गर्ने Voucher Generate मा Click गर्ने त्यसपछि भौचर प्रिन्ट गरी सोही भौचर सहित सम्वन्धित बैंकमा गई तोकिएको रकम बुझाउन सकिनेछ।

**दरखास्त दस्तुर बुझाउने अवधिः-** अनलाइन माध्यमबाट दरखास्त पेश गरिसकेपछि उम्मेदवारले प्राप्त गरेको Master ID र कारोबार संकेत नम्बर उल्लेख भएको भौचर सहित ढिलोमा दोब्बर दस्तुर तिरी दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट कार्यालय समय भित्र (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन) तोकिएको परीक्षा दस्तुर/दोब्बर दस्तुर अनिवार्य रुपमा बुझाइ सक्नुपर्नेछ।

**अपलोड गर्नुपर्ने कागजातहरुः-** उम्मेदवारले शैक्षिक योग्यता, तालिम, व्यवसाय अनुमति (Council) प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएकै स्थानमा PDF Format मा अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारले आफनो नागरिकताको प्रमाणपत्रको अगाडि र पछाडिको भाग स्क्यान गरी JPG Format मा अपलोड गर्नुपर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ।

**दरखास्त दिने अन्तिम मितिः-** २०७९/०५/२८ सम्म र दोब्बर दस्तुर तिरी २०७९ /०६/०४ सम्म।

**उम्मेदवारको उमेरको हदः-** २०७९/०५/२८ सम्म २१ वर्ष उमेर पुरा भै ४५ वर्ष ननाघेको र वहालवाला स्थायी निजामती कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन।

**अन्तर्वार्ता अघिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मितिः-** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः-** सेवा समूह सम्वन्धी।

**तलब तथा सेवा सुविधाः-** प्रचलित कानून बमोजिम।

## <u>आवश्यक न्यूनतम योग्यताः</u>

अ. **कृषि सेवातर्फ आन्तरिक प्रतियोगितात्मक (आ.प्र.) परीक्षाको लागिः**

राजपत्रांकित तृतीय श्रेणी वा सो सरह पदमा ५ वर्ष स्थायी सेवा अवधि पूरा गरेको। निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (१४क) अनुसार सो पदका लागि तोकिए बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ। तर महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रमा स्थायी वसोबास भएका निजामती कर्मचारीको हकमा सो सेवा अवधिमा १ वर्ष कम भए पनि हुनेछ ।

## <u>दरखास्त दिने उम्मेदवारहरुका लागि विशेष सूचना</u>

(क) आन्तरिक प्रतियोगितात्मक (आ.प्र.) का लागि कर्मचारी समायोजन ऐन, २०७५ को दफा १४ (२) ख बमोजिम गण्डकी प्रदेशमा समायोजन भई यस प्रदेश भित्रका प्रदेश मन्त्रालय अन्तर्गत कार्यरत कर्मचारीहरुले मात्र दरखास्त पेश गर्न पाउनेछन्।

(ख) वहालवाला स्थायी निजामती कर्मचारीले दरखास्तको मितिसम्म वहाल रहेको कागजात प्रमाणित गराई पेश गर्नुपर्नेछ। दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

(ग) समान तह/श्रेणीका पदमा उम्मेदवार बन्न पाउने व्यवस्था नभएकोले यस्ता उम्मेदवारले दरखास्त दिन पाउने छैनन्।

(घ) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

(ङ) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ। विदेशी शिक्षण संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ। तर नेपालका विश्वविद्यालयहरुबाट निर्धारित शैक्षिक योग्यता पुरा गरी निर्धारित पदमा आवेदन दिने उम्मेदवारहरुले सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिन सम्म दरखास्त साथ पेश गर्नुपर्ने न्यूनतम

प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश

शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क विवरण पत्र (ट्रान्सक्रिप्ट) समयावधिको कारणले पेश गर्न नसक्ने अवस्था भएमा यदि उक्त सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिन भित्र सम्बन्धित विश्वविद्यालयबाट परीक्षाफल प्रकाशित भईसकेको रहेछ र सो पुष्टयाई हुने गरी सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विद्यार्थीले सो अविधि भित्र उक्त उपाधिको सबै परीक्षाहरु उत्तीर्ण गरिसकेको (सबै वर्ष/सेमेष्टरका परीक्षा, थेसिस, प्राक्टिकल र अन्य आवश्यकता पूरा गरिसकेको ) भन्ने व्यहोराको पत्र र सबै सेमेष्टरको लब्धाङ्कपत्र पेश गरेमा त्यस्ता उम्मेदवारको न्यूनतम योग्यता पुरा भएको मानिनेछ।

(च) उम्मेदवारले अनलाईन मार्फत फाराम भर्दा आफ्नो मोबाइल नम्बर अद्यावधिक गर्नु पर्नेछ। उम्मेदवारको फाराम स्वीकृती/अस्वीकृती तथा नतिजा सम्बन्धी विवरण सिधै मोवाइल मार्फत् जानकारी गराईने हुँदा गलत मोबाइल नम्बर उल्लेख गरेको कारणबाट सम्बन्धित उम्मेदवारले परीक्षामा सहभागी हुन नपाएमा सोको जिम्मेवार सम्बन्धित उम्मेदवार नै हुनुपर्नेछ।

(छ) विज्ञापन नम्बर एक पटक छनौट गरिसकेपछि पुनः संशोधन नहुने हुँदा विश्वस्त भई विज्ञापन नम्बर छनौट गर्नुपर्नेछ।

(ज) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

(झ) पाठ्यक्रम आयोगको वेबसाइट ppsc.gandaki.gov.np बाट प्राप्त गर्न सकिने छ।

**थप जानकारीका लागिः** ०६१-४६७८७३

Website:- **http://ppsc.gandaki.gov.np** **E-mail:** gandakipsc2076@gmail.com

प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश